## बैठक नं १९१

आज मिति २०८२/०७/३० गते यस तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

### उपस्थिति

| क.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री ध्रुव खनाल | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री विरोचन खनाल | अधिकृत छैठौं | |
| १७. | श्री शर्मिला थापा | कम्प्युटर अपरेटर | |

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. सिप विकास तालिममा साझेदारी सम्बन्धमा ।
३. योजना सम्झौता सम्बन्धमा ।
४. तादी-६ मा स्वास्थ्य ईकाइ निर्माण सम्बन्धमा ।
५. विविध ।
   क. जिम हलको कोठा मर्मत सम्बन्धमा ।
   ख. जोगिगुफा स्वाँरा र भोर्ले सेतिखोल्चा रिमाल डाँडा सडक मर्मतको भुक्तानी सम्बन्धमा ।
   ग. अमरज्योति मा.वि. को नक्सा स्वीकृति सम्बन्धमा ।
   घ. नर्जामण्डप स्वास्थ्य चौकी मोटर बाटो सोलिङ सम्बन्धमा ।
   ङ. काल्चे गैरीखर्क मोटरबाटो सरसफाई सम्बन्धमा ।
   च. डाँडाको पाटो देखि चामोट सडक मर्मत सम्बन्धमा ।

## निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा छलफल गरी समिक्षा गरियो । |
| २ | प्रस्ताव नं. २ उपर छलफल गर्दा संघ/प्रदेशका विभिन्न निकायबाट माग भई आएका विभिन्न किसिमका सिप विकास तालिमको लागि यस गाउँपालिकाले तोकिएको कार्यविधि अनुसारको आवश्यक प्रतिशत रकम साझेदारी गर्ने निर्णय गरियो । |
| ३ | प्रस्ताव नं. ३ उपर छलफल गर्दा गाउँपालिकाले आ.व २०८२/०८३ मा विनियोजन भएका योजनाहरुको सम्झौता यथाशिघ्र गर्ने निर्णय गरियो । |
| ४ | प्रस्ताव नं. ४ उपर छलफल गर्दा तादी-६ गैरीगाउँमा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गर्नको लागि जग्गा उपलब्ध भई आएको स्वास्थ्य ईकाइ समितले अनुमती माग गर्नु भएकाले उक्त स्वास्थ्य ईकाइ सञ्चालन/निर्माणको लागि अनुमती प्रदान गर्ने निर्णय गरियो । |
| ५ | प्रस्तुत विषयमा विविध खर्च शिर्षकमा तपशिल बमोजिमको निर्णय गरियो ।<br>क. प्रस्तुत विषयमा गाउँपालिकाले जिम हल स्थापनाको लागि खरिद गरिएका जिम सम्बन्धी सामाग्रीहरुको जडान तथा व्यवस्थापनको लागि आवश्यक जिम कोठा निर्माण तथा मर्मतको लागि पछि स्रोत सुनिश्चित गरी रु ९७,६२३.४५ उपलब्ध गराउने निर्णय गरियो । |

| | |
|---|---|
| | ख. प्रस्तुत विषयमा विपद्को समयमा जोगिगुफा स्वाँरा र भोर्ले सेतिखोच रिमालडाँडा सडक मर्मत सम्बन्धी कार्यको भुक्तानी गर्न बाँकी रकम रु ३०,२६०.५० विपद् व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी भुक्तानी गर्ने निर्णय गरियो । |
| | ग. प्रस्तुत विषयमा अमरज्योती मा.वि. ले निर्माणाधिन विद्यालय भवनको नक्सा संशोधन र स्वीकृतिको लागि निवेदन पेश गर्नु भएकोले नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम इन्जिनियरको Structure Analysis Report प्राप्त भए पछिमात्र नक्सा स्वीकृतिको लागि अनुमती प्रदान गर्ने निर्णय गरियो । |
| | घ. प्रस्तुत विपषयमा तादी-६ नर्जामण्डप स्वास्थ्य चौकी सम्मको मोटरबाटो सोलिङ गर्नको लागि रु ५,८०,६०८.९८ को लागत अनुमान प्राप्त भएकाले आगामी हिउँदे अधिवेशनबाट स्रोत सुनिश्चित हुने गरी हाललाई सम्झौता प्रक्रिया अगाडि बढाई कार्य गर्ने निर्णय गरियो । |
| | ङ. प्रस्तुत विपषयमा वडा नं १ काल्चे देखि गैरखर्क सम्मको बाटो सरसफाईको लागि इस्टमेट गराई कार्य प्रक्रिया अगाडी बढाउने र आसन्न सभाबाट बजेट सुनिश्चित गरी विनियोजन गरे पश्चात भुक्तानी गर्ने निर्णय गरियो । |
| | च. प्रस्तुत विषयमा विपद्को समयमा डाँडाको पाटो देखि चामोट सडक मर्मत सम्बन्धी कार्यको भुक्तानी गर्न बाँकी रकम रु १४०००।- विपद् व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी भुक्तानी गर्ने निर्णय गरियो । |